नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाण्डौ

(आपूर्ति अनुगमन तथा उपभोक्ता संरक्षण शाखा)

फोन नं. : ५३४७९१२

५३४३९३९

पत्र संख्याः २०८२/०८३

च.नं. : ६५३

मिति : २०८२।०८।१६

ने.सं. ११४६ थिंलाथ्व

## उपभोक्ता सचेतना सम्बन्धी कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।

सूचना प्रकाशित मिति २०८२/०८/१७

यस विभागको स्वीकृत बार्षिक कार्यकम अनुसार चालु आ.व. २०८२/८३ मा उपभोक्तावादी संस्थाहरुसँगको साझेदारीमा विभिन्न जिल्ला स्थित स्कूल/कलेजहरुमा उपभोक्ता जागरण तथा उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यक्रम देहाय बमोजिमको शर्तको अधिनमा रही संचालन गर्नुपर्ने भएकोले नेपाल सरकाबाट इजाजत प्राप्त इच्छुक उपभोक्तावादी संस्थाहरुलाई प्रमाणित प्रतिलिपि कागजातहरु संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस विभागमा प्रस्तावसहित आवेदन पेश गर्न आह्वान गरिन्छ ।

न्यूनतम शर्तहरु

१. विभागले तोकेको विषयबस्तुमा संस्थाले तयार पारेको तालीम सामग्री प्रस्तावको साथ पेश गर्नु पर्ने छ।

२. न्यूनतम लागत सहभागिता २०% गरी प्रतिस्पर्धात्मक रुपमा सहभागिता बढी गर्नेलाई प्राथमिकता दिइनेछ ।

३. तोकिएका ७ प्रदेशका तोकिएका २/२ जिल्लाका न्यूनतम दुई दुईवटा माध्यमिक विद्यालय/कलेजमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। एक संस्थाले एकभन्दा बढी प्रदेशमा कार्यक्रम गर्नेगरी प्रस्ताव गर्न पाइने छैन।

४. कार्यक्रममा सहभागिताको न्यूनतम संख्या देहाय बमोजिम हुनेः

क) जनप्रतिनिधि कम्तिमा १ जना

ख) अभिभावक कम्तिमा ५ जना

ग) विद्यालय व्यवस्थापन समितिका कम्तिमा २ जना

घ) शिक्षक कम्तीमा ५ जना र

ड) कक्षा ११ र १२ का विद्यार्थी कम्तिमा ५० जना

५. प्रति कार्यक्रम अधिकतम रु.२०,०००/- र प्रति संस्था अधिकतम ५ वटा मात्र कार्यक्रम संचालन गर्न पाउने।

६. सम्झौता भएको २० दिन भित्र कार्य सम्पन्न गरी भुक्तानीका लागि माग गर्नुपर्ने।

संलग्न गर्नु पर्ने कागजातहरु

१. नविकरण भएको संस्था दर्ता प्रमाणपत्र

२. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र

३. आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्र/कर छुटको प्रमाण पत्र

४. संस्थाले विगत २ वर्षमा गरेका कामको छोटो विवरण, प्रकाशनहरु वा प्रोफाइल

५. प्रशिक्षण गर्ने योग्य जनशक्तिको व्यक्तिगत विवरण (Curriculum Vitae)

६. विभागले तयार गरेको पाठ्यसामाग्रीमा आधारित रहि तयार गरेको प्रस्तुतीकरण (Powerpoint Slides)

प्राप्त प्रस्तावहरु लागत सहभागिता र अनुभवको आधारमा मूल्याङ्कन गरी छनौट गरिनेछ । कुनै प्रस्ताव छनौट गर्ने वा नगर्ने अधिकार विभागमा सुरक्षित रहनेछ।